# द्वन्द्व पीडितहरुका मुद्दा र सत्य निरुपण, न्याय तथा मेलमिलाप संयन्त्र

*(छलफलका लागि विषय वस्तु सहजीकरण-आधारपत्र)*

## १. पृष्ठभूमि

प्रजातान्त्रिक शक्ति र विद्रोही नेकपा माओवादीबीच २०६२ मंसीर ७ मा सम्पन्न १२ बुँदे समझदारीपत्रले राजनैतिक समीकरणको ढोका खुल्यो । परिणामस्वरुपः जनआन्दोलन भाग २ सम्भव भई नेपालमा नयाँ इतिहासको अध्याय शुरु भयो । जुन राज्यको पुनर्संरचनासहित अग्रगमनका मुद्दाहरुलाई संबोधन गर्ने अवसर हो र यस अवसरमा हामीले प्रमुख ३ वटा मुद्दाहरुलाई सम्बोधन गर्नुपर्नेछ । पहिलो- द्वन्द्वबाट पुगेको हानी नोक्सानीको सत्य तथ्यको उजागर, न्याय र पुनर्मिलन । दोस्रो- संक्रमणकालको व्यवस्थापन र शान्ति । तेस्रो- राज्यको पुनर्संरचनासहित सामेली लोकतन्त्रको सुदृढीकरण ।

हाल हामी संक्रमणकालीन न्यायको सामनाका साथै शान्ति र लोकतन्त्रतर्फको अग्रगमनको पाइलामा छौं । र हामीले द्वन्द्व व्यवस्थापन, लोकतन्त्र र शान्तिको दीगोपनलाई सँगसँगै निरन्तरता दिनुपरेको छ । यो प्राथमिकताको कार्य पनि हो । शान्ति र न्याय परस्परमा अन्तरसंबन्धित छन् । शान्तिविनाको न्यायपूर्ण हुँदैन । त्यसैले शान्तितर्फका असल प्रयासहरुले न्यायलाई होसियारीसाथ सम्बोधन गर्न सक्नुपर्छ । संक्रमणकालमा यो अपेक्षा गरिन्छ कि- विगतमा द्वन्द्वका क्रममा भएका अन्याय र ज्यादतीका कारण पीडित भएकाहरुले समयमा न्याय पाउनुपर्छ । पीडितहरुले न्याय पाउन सकेनन् भने समाजमा पुनः विद्रोह जन्मिन सक्दछ । द्वन्द्वका कारण पीडित बनाइएका समूह तथा व्यक्तिहरुले न्यायको अनुभूति गर्न सकेनन् भने विद्रोहको विकल्पलाई अवलम्बन गर्दैनन् भन्न सकिंदैन । विशषेगरी द्वन्द्व पछिको समाजमा राजनीतिक मुद्दाले प्राथमिकता पाउँदछ । यसले गर्दा द्वन्द्व पीडितहरुको न्यायको मुद्दा छायाँमा पर्न सक्ने खतरा पनि हुन्छ । यसो भयो भने दण्डहीनताको समस्याले बढवा पाउँछ र विगतका मानव अधिकार उल्लंघनकारीहरुलाई न्याय प्रक्रियाभित्र ल्याउन सकिंदैन । यस्तो स्थिति रह्यो भने समाजमा पुनः जोखिमता र तनाव सिर्जना हुन्छ । त्यसैले द्वन्द्व पीडितहरुको सामाजिक, आर्थिक र कानुनी न्यायका मुद्दाहरुलाई स्थानीय तहबाटै पहिचान गरी राष्ट्रिय तहसम्म उठाउनु अहिलेको प्रमुख आवश्यकता हो । अतः विगतमा द्वन्द्वको क्रममा घटेका मानव अधिकार र मानवीय कानुनका गम्भीर उल्लंघनहरुको सत्यतथ्य पहिचान, पीडितहरुको चाहनाको सम्बोधन, न्याय र पुनर्स्थापना तथा पुनर्मिलनका मुद्दाहरु नै अहिलेका प्राथमिकताका विषय हुन् । र, यसका लागि सत्य निरुपण तथा मेलमिलाप आयोग नै प्रभावकारी संयन्त्र हो ।

## २. द्वन्द्व पीडितका मुद्दा र राज्यको प्रतिवद्धता :

द्वन्द्व पीडितहरुका सामाजिक, आर्थिक र न्यायिक मुद्दाहरुलाई सम्बोधन गर्न सात राजनैतिक दल र नेकपा माओवादी विद्रोहीबीच भएका विभिन्न सम्झौता, समझदारी र अन्तरिम संविधानले विशेष व्यवस्था गरेका छन् । यी व्यवस्था र सहमतिहरुलाई द्वन्द्व पीडितहरुको परिपूरणको अधिकार (Reparation) लाई सम्बोधन गर्ने प्रस्तान विन्दुको रुपमा लिइनुपर्दछ । यी प्रावधानहरुको संक्षिप्त चर्चा तल गरिएको छ ।

### (क) सात राजनीतिक दल र माओवादीबीच सम्पन्न १२ बुँदे समझदारी-पत्र

**पुनर्स्थापन र कब्जाको सम्पत्ति फिर्ती** : सो समझदारीको बुँदा ५ अनुसार- नेकपा (माओवादी)ले सशस्त्र द्वन्द्वको क्रममा विस्थापित हुन पुगेका अन्य लोकतान्त्रिक पार्टीका नेता, कार्यकर्ता र जनतालाई यथास्थानमा फर्केर ससम्मान बसोबास गर्ने, उनीहरूको अन्यापूर्ण तरिकाबाट कब्जा गरिएका घरजग्गा सम्पत्ति फिर्ता गर्ने र उनीहरूलाई निर्वाध ढंगले राजनीतिक गतिविधि गर्न पाउने वातावरण तयार गर्ने प्रतिवद्धता व्यक्त गरेको छ ।

**घटनाको छानबिन र दोषीलाई कारवाही** : सो समझदारीको बुँदा १२ अनुसार विगतमा दलहरूबीच भएका अनुपयुक्त व्यवहारहरूको सन्दर्भमा दल विशेषले आपत्ति जनाएका र छानवीनको माग गरेका घटनाहरूको सम्बन्धमा छानवीन गर्ने र दोषी पाइएमा दोषीलाई कार्वाही गरी सार्वजनिक रूपमा जानकारी गराउने साझा प्रतिवद्धता व्यक्त भएको छ ।

### (ख) सरकार-माओवादी २५ बुँदे युद्धविराम आचारसंहिता

**मुद्दा फिर्ता र बन्दीलाई रिहाई :** बुँदा १६ अनुसार विभिन्न व्यक्तिहरूमाथि दुवै पक्षद्वारा लगाइएका आरोप, अभियोग र मुद्दा फिर्ता गर्ने र बन्दीहरूलाई रिहाइ गर्दै जाने ।

**बेपत्ता नागरिकहरूको स्थिति यथाशीघ्र सार्वजनिक गर्ने** (बुँदा १७) ।

**घर फिर्ती र सम्मानपूर्वक पुनर्स्थापन** : बुँदा १८ अनुसार विस्थापित भएका व्यक्तिहरूलाई आ-आफ्नो घरमा फर्किएर शान्तिपूर्ण, सहज तथा सम्मानपूर्वक पुनःस्थापित हुने कार्यमा सहयोग गर्ने ।

**कब्जाको सम्पत्ति फिर्ता** : बुँदा १९ अनुसार द्वन्द्वको क्रममा राजनीतिक दलका नेता, कार्यकर्ता तथा सर्वसाधारण जनताको कब्जा गरिएका वा ताला लगाइएका वा प्रयोग गर्न नदिइएका सम्पत्ति सम्बन्धित व्यक्ति वा परिवारलाई फिर्ता र उपभोग गर्न दिने । सो सम्पत्ति फिर्ता गर्ने प्रक्रियामा समस्या उत्पन्न भएमा आपसी सहमतिका आधारमा समाधान गर्ने ।

(ग) नेपालको अन्तरिम संविधान-२०६३
नेपालको अन्तरिम संविधान-२०६३ को भाग ४ अन्तर्गत राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरु अन्तर्गत गरिएका व्यवस्थाहरु निम्न छन् ।

<u>सामाजिक न्याय तथा पुनर्स्थापन :</u> सशस्त्र द्वन्द्वको क्रममा मारिएकाहरूको परिवारलाई तथा यस क्रममा घाइते भई अपाङ्ग र अशक्त भएकाहरूलाई उचित राहत, सम्मान तथा पुनर्स्थापनाको व्यवस्था गर्ने (धारा ३३ त),

**<u>वेपत्ताको छानबिन र राहत :</u>** सशस्त्र द्वन्दको क्रममा वेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा गठित छानबीन आयोगको प्रतिवेदनका आधारमा त्यस्ता व्यक्तिहरूका पीडित परिवारहरूलाई राहत उपलव्ध गराउने, (धारा ३३ थ)

**<u>ध्वस्त संरचनाको पुर्ननिर्माण :</u>** विस्थापितको पुनर्स्थापना र निजी सम्पत्तिमा राहत- सशस्त्र द्वन्द्वको क्रममा विस्थापितहरूको पुनर्स्थापना गर्न, नष्ट भएका निजी तथा सार्वजनिक सम्पत्तिहरूको हकमा राहत प्रदान गर्न तथा ध्वस्त संरचनाहरूको पुनर्निमाण गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने, (धारा ३३ द)

**<u>सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन :</u>** सशस्त्र द्वन्द्वको क्रममा मानवअधिकारको गंभीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा सङ्लग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण गर्न तथा समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने (धारा ३३ ध)।

(घ) नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौता
**<u>क्षतिपूर्ति/पुनर्स्थापन र राष्ट्रिय शान्ति तथा पुनर्स्थापन आयोग :</u>** दुवै पक्ष सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गराउन तथा युद्धबाट पीडित र विस्थापित व्यक्तिहरूको लागि राहत कार्य र पुनर्स्थापन गराउन **राष्ट्रिय शान्ति तथा पुनर्स्थापन आयोग** गठन गर्न र त्यसमार्फत यससम्बन्धी काम अगाडि बढाउन सहमत छन् । (शान्ति सम्झौता, ५.२ को ५.२.४)

**<u>न्याय प्रक्रिया र उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन :</u>** दुबै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवताविरुद्धको अपराधमा संलग्नहरूका बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट **उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन** गर्न सहमत छन् । (ऐजन ५.२.५)

**<u>विचाराधीन मुद्दा, थुनुवाको स्थिति र न्याय :</u>** दुवै पक्ष विभिन्न व्यक्तिहरूलाई राजनीतिक कारणले लगाइएका आरोप, दावी, उजुरी र विचाराधीन रहेका मुद्दा मामिला फिर्ता लिन र थुनामा राखिएका बन्दीहरूको स्थिति तत्कालै सार्वजनिक गरी तुरुन्त रिहा गरिने ग्यारेन्टी गर्दछन् । (ऐजन ५.२.७)

**<u>विस्थापित र पुनर्स्थापन तथा सामाजिकीकरण :</u>** दुवै पक्ष सशस्त्र द्वन्द्वको क्रममा विस्थापित व्यक्तिहरूलाई राजनीतिक पूर्वाग्रहविना स्वेच्छाले आ-आफ्नो पैतृक वा पूर्व बसोबासको स्थानमा फर्कन दिन, युद्धका कारणले नष्ट भएका पूर्वाधारहरू पुनर्निर्माण गर्न र विस्थापित व्यक्तिहरूलाई ससम्मान पुनर्स्थापना तथा सामाजीकरण गर्न प्रतिवद्धता व्यक्त गर्दछन् । (ऐजन ५.२.८)

**<u>मानव अधिकार, मौलिक अधिकार र मानवीय कानुनको परिपालना :</u>** मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानुन र मानव अधिकार सम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरूप्रति प्रतिवद्ध रहँदै दुवै पक्ष देहायका विषयहरूमा आफ्नो सहमति जनाउँछन् :

**<u>मानव अधिकारको उपभोग र दण्डहीनतालाई निरुत्साहित गर्ने :</u>** छानबिन, दण्डहीनताको अन्त्य, द्वन्द्व र यातना पीडित तथा बेपत्ता पारिएका परिवारको राहतको अधिकार : दुवै पक्ष सम्झौता पत्रमा उल्लेख भएका अधिकारको उपभोगमा बाधा पुऱ्याउने जिम्मेवार व्यक्तिहरू माथि कानुन अनुसार निष्पक्ष छानवीन तथा कारवाही हुनेछ भनी प्रतिवद्धता जाहेर गर्दछन् र दण्डहीनतालाई प्रश्रय नदिने सुनिश्चितता प्रदान गर्दछन् । यसका साथै द्वन्द्व र यातना पीडित तथा वेपत्ता पारिएकाहरूको परिवारको राहत प्राप्त गर्ने अधिकारलाई समेत सुनिश्चित गर्दछन् । (ऐजन ७.१.३)
**<u>आर्थिक- सामाजिक अधिकार :</u>** दुवै पक्ष नागरिकको स्वास्थ्यसम्बन्धी हकको सम्मान र संरक्षण गर्नुपर्छ भन्ने कुरालाई आत्मसात गर्दछन् । दुवै पक्षले औषधिको आपूर्ति, सहायता एवम् स्वास्थ्यसम्बन्धी अभियानमा बाधा पुऱ्याउने छैनन् र द्वन्द्वको कारणबाट घाइते भएकाहरूको औषधि उपचार गर्न एवं पुनर्स्थापनाको कार्य गर्न प्रतिवद्धता व्यक्त गर्दछन् । (ऐजन ७.५.३)

**<u>महिला तथा बालबालिकाको अधिकार :</u>** महिला तथा बाल अधिकारको संरक्षण, बालसैन्यको अन्त्य र पुनर्स्थापन : दुवै पक्ष महिला तथा बालबालिकाका अधिकारहरूको विशेष संरक्षण गर्न, कुनै पनि प्रकारको यौनजन्य शोषण तथा दुर्व्यवहार लगायत महिला तथा

बालबालिका विरुद्ध हुने वालश्रम लगायतका सबै खाले हिंसात्मक कार्यहरूमाथि तत्काल रोक लगाउन र अठार वर्ष वा सोभन्दा मुनिका केटाकेटीहरूलाई कुनै पनि सैन्यबलमा समावेश वा उपयोग नगर्न पूर्ण रूपमा सहमत छन् । यसरी प्रभावित बालबालिकाहरू तुरुन्त उद्धार गरिनेछन् र तिनीहरूको पुनर्स्थापनको लागि आवश्यक र यथोचित सहयोग प्रदान गरिनेछ । (ऐजन ७.६.१)

**<u>वैयक्तिक स्वतन्त्रताको अधिकार :</u>** विचार, पेशा व्यवसाय र सम्पत्तिको अधिकार : दुबै पक्ष आस्था र विचारको स्वतन्त्रता, वाक तथा प्रकाशन स्वतन्त्रता, शान्तिपूर्वक र बिना हातहतियार भेला हुने स्वतन्त्रता,, आवागमनको स्वतन्त्रता, आफूखुशी पेशा व्यवसाय गर्न, सम्पत्ति आर्जन र भोगचलन गर्ने स्वतन्त्रता, शान्तिपूर्ण राजनीतिक क्रियाकलापमा सहभागी हुने स्वतन्त्रता, कानूनको नजरमा सबै समान हुने र सहिष्णुतापूर्ण न्याय व्यवस्था सञ्चालन गर्न गराउन सहमत छन् । (ऐजन ७.७.१)

**(ङ) सातदल-माओवादी ऐतिहासिक सहमति**
**द्वन्द्वपीडितहरूको व्यवस्थापन सम्बन्धमा (४) :**
**<u>राहत र पुनर्स्थापना :</u>** सशस्त्र द्वन्द्वको क्रममा मारिएकाहरको परिवारलाई तथा यस क्रममा घाइते भई अपाङ्ग र अशक्त भएकाहरूलाई उचित राहत, सम्मान तथा पुनःस्थापनाको व्यवस्था गर्ने । (४.१)

**<u>वेपत्ता परिवार र राहत :</u>** छानबिन आयोगको प्रतिबेदनका आधारमा बेपत्ता भएकाहरूका पीडित परिवारहरूलाई राहत उपलब्ध गराउने । (४.२)

**<u>विस्थापितहरुको पुनर्स्थापना र पुनर्निर्माण कार्यक्रम :</u>** सशस्त्र द्वन्द्वका क्रममा विस्थापितहरूको पुनः स्थापना गर्न, नष्ट भएका निजी तथा सार्वजनिक सम्पत्तिहरूको हकमा राहत प्रदान गर्न तथा ध्वस्त संरचनाहरूको पुनःनिर्माण गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने । (४.३)

**<u>सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन :</u>** सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवताविरुद्धको अपराधमा संलग्नहरूका बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्यनिरूपण तथा मेलमिलाप आयोगको गठन गर्ने । (४.४)

**(च) बजेट वक्तव्य २०६४**
**<u>द्वन्द्वबाट प्रभावित १० जिल्ला र महिला केन्द्रित कार्यक्रम :</u>** द्वन्द्वबाट अति प्रभावित १० जिल्लाका महिलाहरुको आर्थिक तथा सामाजिक उत्थानका लागि तत्कालीन राहत कार्यक्रम अन्तर्गत घर विकास योजना संचालन गरिनेछ ।

**<u>शान्तिकोष र द्वन्द्व प्रभावितहरुको व्यवस्थापन :</u>** माओवादी लडाकूहरुको शिविर व्यवस्थापन, संविधानसभाको निर्वाचन, द्वन्द्व प्रभावितहरुको व्यवस्थापन, शान्ति सुरक्षाको व्यवस्था र शान्ति सम्बन्धी कार्यका लागि नेपाल सरकारबाट तीन वर्षका निमित्त एउटा छुट्टै शान्तिकोषको स्थापना भइ संचालनमा रहेको छ ।

## ३. द्वन्द्वपीडितहरुका मुद्दा र अन्तर्राष्ट्रिय मापदण्ड :

खासगरी वर्तमान समयमा द्वन्द्व पीडितहरुका आर्थिक, सामाजिक र कानुनी अधिकार तथा न्यायका मुद्दाहरु नै मुख्य मुद्दा हुन् । यी मुद्दाहरुभित्र के कस्ता कुराहरु पर्दछन् भन्ने बारेमा संक्षिप्त चर्चा निम्नअनुसार गरिएको छ ।

**(क) द्वन्द्वपीडितहरुका आर्थिक मुद्दाहरु**
जीविकाको प्रत्याभूति, सम्पत्तिको व्यवस्थापन, आर्थिक रुपमा मूल्यांकन र क्षतिपूर्ति, पुनर्स्थापना, भोकबाट मुक्त, काम गर्ने वातावरण, सम्पत्तिको पुनर्प्राप्ति आदि आर्थिक मुद्दा हुन् । द्वन्द्वपीडितहरुका लागि सीपमूलक रोजगारको व्यवस्था, सरकारी तबरबाट द्वन्द्वबाट संरक्षणविहीन हुन पुगेका बालकालिकाहरुको हेरचाहको ग्यारेन्टी, परिपूरणको व्यवस्था, शिक्षा,स्वास्थ्य, व्यवस्थाका साथै द्वन्द्वपीडितमूखी विकासका कार्यक्रमको लागू भएमात्र पीडितहरुका आर्थिक मुद्दाहरुलाई सम्बोधन गर्न सकिन्छ । त्यसै गरी खोसिएको वा कब्जामा लिएको चल/अचल सम्पत्तिको तत्काल फिर्ता, द्वन्द्वको बेला प्रदान गरिएको चन्दा एकिन गरी फिर्ताको सुनिश्चितता, द्वन्द्वको बेला क्षतविक्षत भएका घर, भवन तथा सामानहरुको हर्जानासमेत आर्थिक मुद्दाभित्र पर्दछन् ।

**(ख) द्वन्द्वपीडितहरुका सामाजिक मुद्दा**
समाजमा पुन एकीकरण, सामाजिक लाभ लगायत गुमेका अवसरको फिर्ति, मनोवैज्ञानिक एवं सामाजिक सेवाहरु र पुर्नवास आदि सामाजिक मुद्दाका सवाल हुन् । त्यसै गरी द्वन्द्वपीडितहरुलाई सामाजिकीकरणको मूल प्रवाहमा समाहित गराउनु सामाजिक मुद्दाको सवाल हो । यसका साथै अपाङ्ग, असक्त, एक्कल महिलाहरु तथा टुहुरा बालबालिकाहरुको सामाजिक सुरक्षाको व्यवस्था, समाजमा न्यायोचित मेलमिलापको प्रक्रिया अगाडि बढाइनु, राज्यको नीतिनिर्माण देखि कार्यान्वयन तहसम्म प्रत्यक्ष द्वन्द्वपीडितहरुको सहभागिता आदि सामाजिक मुद्दाका सबाल हुन् । पीडित वा पीडितका परिवार वा पीडितका नातेदारहरुले पीडित र उसको

अवस्थाका बारेमा थाहा पाउने अधिकार, आफ्नो संस्कृति, रीतिरिवाजअनुसार काजक्रृया गर्न पाउने अधिकारको सुनिश्चिता पनि सामाजिक मुद्दाभित्र पर्दछ ।

**(ग) द्वन्द्वपीडितहरुका कानुनी अधिकार तथा न्यायका मुद्दा**

द्वन्द्व पीडितहरका कानुनी अधिकार तथा न्यायका मुख्य मुद्दा भनेको मानवअधिकार र मानवीय कानुनको गम्भीर उल्लंघनका दोषीहरुलाई सजाय दिइ पीडितहरुलाई न्याय दिनु हो । हत्या, यातना, वेपत्ता, बलात्कार, अपहरण र अपहरणपछि वेपत्ता पारिएका घटनाहरुको निष्पक्ष छानबिन गरी दोषीलाई न्याय प्रक्रियाभित्र ल्याइयोस भन्ने अपेक्षा पीडितहरुले गरेका हुन्छन् । यो पीडितहरुको अपेक्षालाई राज्यले पूरा गर्नु न्यायको सबाल हो । यसका लागि प्रभावकारी कानुनी प्रावधानहरुको र कार्यान्वियन संयन्त्रको आवश्यकता पर्दछ । यसको उपाय भनेको सत्य तथा मेलमिलाप आयोग हो । साथै, द्वन्द्वपीडितहरुको न्याय तथा न्यायमाथिको पहुँच स्थापना गरिनु पर्दछ । अपराधको प्रकृति (गम्भीर वा साधारण)मा छुट्याई समाजमा मेलमिलापको वातावरण अगाडि बढाइनुपर्दछ । यसो गरिँदा कानुनी तथा न्यायीक सवालहरुलाई सम्बोधन गर्न सजिलो हुन्छ ।

**३.१ पीडितका आर्थिक, सामाजिक तथा न्यायका सबाललाई प्रत्याभूत गर्ने निम्नतम मापदण्ड**

सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यादेशले निम्नतम रुपमा माथि उल्लिखित पीडितका मुद्दाहरुलाई सम्बोधन गर्न सक्नुपर्दछ । समग्रमा पीडितका मुद्दाहरुलाई सम्बोधन गर्ने अन्तर्राष्ट्रिय मापदण्ड परिपूरणको अधिकार र प्रावधान हो । यदि सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यादेशले यो परिपूरणको अधिकार र प्रावधानलाई प्रत्याभूत गर्न सक्यो भने द्वन्द्व पछिको समाजमा मेलमिलापको प्रक्रियाले गति लिन सक्छ । तर, मेलमिलापको बाहनामा क्षमादान प्रदान गर्ने कार्य मात्रै भयो भने यसले पीडितलाई अन्याय गर्न सक्दछ । त्यसैले अन्तर्राष्ट्रिय मापदण्डलाई कम्तिमा पनि राष्ट्रिय तहमा प्रत्याभूत गर्ने हो भने समग्रमा पीडितका मुद्दाहरुलाई सम्बोधन गर्न सकिन्छ । पीडितका मुद्दाहरुलाई सम्बोधन गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय मानव अधिकारको व्यापक उल्लंघन र अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लंघनका पीडितहरुलाई न्याय तथा परिपूरणको अधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मार्ग निर्देशनले प्रत्याभूत गरेको परिपूरणको अधिकारलाई प्रत्याभूत गर्न सकियो भने पीडितहरुले न्याय प्राप्त गर्न सक्नेछन् ।

**परिपूरण (Reparation) को अधिकार**

संयुक्त राष्ट्रसंघीय, ६० औं अधिवेशनको कार्यसूची प्रकार ७१(क) बमोजिम महासभाद्वारा अवलम्बन गरिएको प्रस्ताव (६०/१४७) अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको व्यापक उल्लंघन र अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लंघनका पीडितहरुको लागि न्याय तथा परिपूरणका अधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मार्ग निर्देशनअनुसार परिपूरणको अधिकारले निम्न अधिकार र प्रावधानको प्रत्याभूति गर्दछ :

**(क) पुनर्प्राप्ती** : पुनर्प्राप्ती भनेको सम्भव भएसम्म अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको व्यापक उल्लंघन वा अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लंघनहरु घटेको अवस्थाभन्दा पहिलेको मौलिक अवस्थामा पीडितलाई पुनर्स्थापन गर्नु हो । पुनर्स्थापनभित्र उपयुक्त तरीकाले स्वतन्त्रताको पुनर्प्राप्ती, मानवअधिकारको उपयोग, पहिचान, पारिवारिक जीवन र नागरिकता, उसकै वासस्थान भएको ठाउँमा फिर्ता, रोजगारीको पुनर्स्थापन र सम्पत्ति फिर्ता पर्दछन् । जसले पीडितहरुको आर्थिक सबाललाई सम्बोधन गर्दछ ।

**(ख) क्षतिपूर्ति** : क्षतिपूर्ति प्रदान गरिँदा आर्थिकरुपमा मूल्यांकन गर्न सकिने क्षति जुन अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको व्यापक उल्लंघन र अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लंघनहरुबाट भएका हुन्छन् ती प्रत्येक घटनाको परिस्थिति र उल्लंघनको गम्भिरताको सामानुपातिक हुने गरी र उपयुक्त किसिमले उपलब्ध गराइनुपर्छ । जस्तै :

- क) शारीरिक वा मानसिक क्षति;
- ख) रोजगारी, शिक्षा तथा सामाजिक लाभ लगायतका गुमेका अवसरहरु ;
- ग) संभावित आर्जन गुमेको लगायतका भौतिक क्षतिहरु र आर्जनमा नोक्सानी;
- घ) नैतिक क्षति;
- ङ) कानुनी वा विशेषज्ञको सहयोग, औषधी उपचार सेवाहरु र मनोवैज्ञानिक एवं सामाजिक सेवाहरुका लागि लागेको लागत ।

**(ग) पुनर्वास** : पुनर्वासको अधिकारअन्तर्गत उपचार तथा मनोवैज्ञानिक हेरविचारका साथसाथै कानुनी तथा सामाजिक सेवाहरुसमेत पर्दछन् ।

**(घ) सन्तुष्टि** : आवश्यकता भएअनुसार 'सन्तुष्टी' अन्तर्गत तलका मध्ये कुनै एक वा सबै प्रावधान समावेश हुनपर्दछ :

- क) लगातार उल्लंघनहरु रोकिनेतर्फ लक्षित प्रभावकारी उपायहरु;
- ख) तथ्यहरुको प्रमाणीकरण र सत्य उजागर गर्दा पीडितको, पीडितका नातेदारको, साक्षीहरुको, वा पीडितका लागि सहायता संचालन गर्ने वा अरु उल्लंघनका घटनाहरु घट्न रोक्ने कार्य गर्ने व्यक्तिहरुको सुरक्षा एवं हितलाई अरु नोक्सानी नपुऱ्याउने वा त्रास नपुऱ्याउनेसम्मको हदमा रही सत्यको सबै र सार्वजनिकरुपमा उजागर ;

ग) वेपत्ता पारिएकाहरुको खोजी, अपहरित बालबालिकाको पहिचान, र मारिएकाहरुको शव, तथा शव प्राप्ती एवं पहिचानमा सहयोग र ती शवहरुको पीडितको व्यक्त वा अनुमानित इच्छा, वा ती परिवार र समुदायहरुको सांस्कृतिक परम्परा चलनहरुअनुरुप पुन अन्तिम संस्कार;

घ) पीडित तथा पीडितसँग निकट सम्बन्ध राख्ने व्यक्तिहरुको प्रतिष्ठा, इज्जत र अधिकारहरु पुनर्स्थापना भएको औपचारिक घोषणा वा न्यायिक निर्णय;

ङ) तथ्यहरुको स्वीकारोक्ति एवं उत्तरदायित्व लिने सहितको सार्वजनिक क्षमायाचना;

च) उल्लंघनहरुमा उत्तरदायि व्यक्तिहरुका विरुद्ध न्यायिक तथा प्रशासकीय सजायहरु;

छ) पीडितहरुको संस्मरण तथा श्रद्धाञ्जली;

ज) अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र अन्तर्राष्ट्रिय मानवीय कानुनको तालिम र सवै तहका शैक्षिक सामाग्रीमा ती घटेका उल्लंघनहरुको दुरुस्त विवरण समावेश ।

(ङ) **फेरि नदोहोरिने प्रत्याभूति** : आवश्यकता भएअनुसार 'फेरि नदोहोरिने प्रत्याभूति' अन्तर्गत तलका कुनै वा सवै उपायहरु पर्दछन् जसले रोकथामका लागि पनि योगदान दिनेछन् ।

क) सैनिक र सुरक्षा निकायहरुमा नागरिक प्रशासनको प्रभावकारी नियन्त्रण सुनिश्चिता गराउने;

ख) उचित प्रक्रिया, न्यायपूर्ण र निष्पक्षताका अन्तर्राष्ट्रिय मापदण्डअनुरुप सम्पूर्ण नागरिक तथा सैनिक सुनुवाइहरुको सुनिश्चिता गराउने;

ग) न्यायलयको स्वायत्तताको सवलीकरण गर्ने;

घ) कानुनी, चिकित्सा सम्बन्धी, स्वास्थ्य स्याहारसंग सम्बन्धित पेशाहरुमा र अन्य सम्बन्धित पेशाहरुमा रहेका व्यक्तिहरु र मानव अधिकार रक्षकहरुको संरक्षण गर्ने;

ङ) अनवरत र प्राथमिकताको आधारमा समाजका सवै क्षेत्रहरुलाई मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनको शिक्षा र सैनिक तथा सुरक्षा निकायहरुका साथसाथै कानुन कार्यान्वयन गर्ने अधिकारीहरुलाई तालिम उपलब्ध गर्ने;

च) आचार संहिता र नैतिक मूल्यहरुको कानुनकार्यन्वयन, सुधारवादी आमसंचार, चिकित्सा सम्बन्धी, मनोवैज्ञानिक, सामाजिक सेवा र सैनिक कर्मचारीहरुका साथसाथै आर्थिक उद्यमहरुलगायतका सार्वजनिक कर्मचारीहरुद्वारा आचारसंहिता एवं नैतिक मान्यताहरु खासगरी अन्तर्राष्ट्रिय मापदण्डहरुको परिचालनलाई प्रवर्द्धन गर्ने;

छ) सामाजिक द्वन्द्व र तिनको समाधानलाई रोकथाम र अनुगमनका लागि संयन्त्रहरु प्रवर्द्धन गर्ने;

ज) अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको व्यापक उल्लंघन र अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लंघनहरुलाई सहयोग गर्ने वा त्यसो गर्न अनुमति दिने कानुनहरुको पुनरावलोकन र सुधार गर्ने ।

## ४. प्रस्तावित सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यादेश र पीडितका मुद्दाहरुको सम्बोधन :

प्रस्तावित सत्य निरुपण तथा मेलमिलाप आयोगका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई हालसालै शान्ति तथा पुनर्निर्माण मन्त्रालयले सार्वजनिक छलफलका लागि प्रकाशमा ल्याएको छ । यो प्रस्तावित विधेयकलाई सरसर्ती हेर्दा यसले द्वन्द्व पीडितहरुका आम सवालहरुलाई सम्बोधन गर्न नसक्ने स्थिति प्रष्ट छ । सत्य निरुपण तथा मेलमिलाप आयोगको परिकल्पना मै गम्भीर त्रुटि रहेको देखिन्छ । खासगरी यो विधेयकले पीडितहरुले राज्यबाट अपेक्षा गरेका सवालहरुलाई आफ्नो कार्यादेशमा समावेश गर्न सकेको छैन । नत यस विधेयकले परिपूरण (Reparation) का अधिकारहरुलाई पूर्ण रुपमा प्रत्याभूत नै गर्न सकेको छ । न्यूनतम अन्तर्राष्ट्रिय मापदण्डलाई पूरा गर्न पनि सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यादेशले पूर्ण रुपमा पीडितहरुको न्याय तथा परिपूरणको अधिकारलाई प्रत्याभूत गर्न आवश्यक छ । त्यस्तै गरी अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानुनद्वारा सिर्जित राष्ट्रिय दायित्वहरुलाई आत्मसात गरी सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यादेश तर्जुमा गरिनुपर्दछ । प्रस्तावित विधेयक पीडित केन्द्रित छैन । सत्य निरुपण तथा मेलमिलाप आयोगले पीडितका अपेक्षालाई सम्बोधन गर्न सक्नुपर्छ ।

## ५. द्वन्द्वपीडितका मुद्दाहरुको सम्बोधन : चुनौति र अवसर

शान्ति तथा पुनर्निर्माण मन्त्रालयले सत्य निरुपण तथा मेलमिलाप आयोगको विधेयक प्रस्तुत गर्नाले द्वन्द्व पीडितहरुमा एउटा आशा जगाएको छ । यसलाई न्याय र पुनर्निर्माणको अवसरको रुपमा लिनुपर्दछ । यद्यपि यो अवसरका साथसाथै हामीसँग मुख्य निम्न चुनौतिहरु छन् ।

(क) **प्रतिबद्धतामा कार्यान्वयन उत्तरदायित्वको अभाव** : शान्ति सम्झौतादेखि अन्तरिम संविधानले पीडितहरुका पक्षमा व्यक्त गरेका प्रतिबद्धताहरुलाई आठ राजनैतिक दलको सरकारले कार्यान्वयन गर्छ कि गर्दैन भन्ने कुरा आम शङ्काको विषय बनेको छ । यी प्रतिवद्धताहरुको कार्यान्वयनमा उत्तरदायित्वको अभाव रह्यो भने समस्या यथावत रहनेछ । यसो हुनु भनेको उत्तरदायित्वविहिन संस्कृतिले बढवा पाउनु हो । अर्कोतर्फ नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय मानव अधिकार तथा मानवीय कानुनहरुका प्रावधान र अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको व्यापक उल्लंघन र अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लंघनका पीडितहरुको न्याय र परिपूरणका अधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मार्ग निर्देशनहरुलाई आत्मसात गरिएन भने सत्य निरुपण तथा मेलमिलापको प्रक्रिया अपूर्ण हुन्छ ।

**(ख) विगतका आयोग र पुनरावृत्तिको खतरा :** विगतमा गम्भीर रुपमा मानव अधिकार उल्लंघन र वेपत्ता पारिएका नागरिकहरुको खोजीका लागि पटक पटक छानबिन आयोगहरु बनेका थिए । त्यस्ता आयोगहरुको सिफारिसलाई कहिल्यै पनि कार्यान्वयन गरिएन । २०४७ सालमा वेपत्तासम्बन्धी उच्चस्तरीय छानबिन आयोग, मल्लिक आयोग, रायमाझी आयोग लगायतका आयोगहरुले दोषी ठहर गरेका व्यक्तिहरुलाई न्याय प्रक्रियाभित्र कहिल्यै पनि ल्याइएन । यो पुनरावृत्तिको इतिहासले प्रस्तावित सत्य निरुपण तथा मेलमिलाप आयोगको हविगत पनि मल्लिक आयोगको जस्तै हुने त होइन भन्ने व्यापक आशंका पैदा गरेको छ । र, आयोग बनिहाल्यो भने पनि विगतका आयोगहरु जस्तै पुनरावृत्तिको खतरा हाम्रो साम् छ ।

**(ग) दण्डहीनता र उत्तरदायित्वमाथि छेकवार गर्ने कानुनहरु :** अन्तर्राष्ट्रिय मानव अधिकारको व्यापक उल्लंघन र अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लंघनका दोषीहरु तथा मानवता विरुद्ध र युद्धअपराधमा संलग्न पीडकलाई राज्यले वैयक्तिक उत्तरदायित्व बहन गराउन कहिल्यै पनि सकेको छैन । उत्तरदायित्व वहनको अभावमा सधैं पीडकहरु न्याय प्रक्रियाभन्दा बाहिर छन् । दण्डहीनतालाई बढवा दिने तथा उत्तरदायित्वमाथि छेकवार गर्ने धेरै खराब कानुनहरु विद्यमान छन् । प्रहरी ऐन २०१२, सैनिक ऐन २०१६, सार्वजनिक सुरक्षा ऐन, वन ऐन, केही सार्वजनिक अपराध र सजाय ऐन २०२७ लगायतका ऐनहरुमा अपराधमा संलग्न दोषीहरुलाई वैयक्तिक उत्तरदायित्व बहनमा छेकबार गर्ने प्रावधानहरु विद्यमान छन् । यस्ता कानुनहरुको विद्यमानता रहेसम्म दोषीहरुलाई जवाफदेही बनाउन मुश्किल छ । त्यस्तै प्रस्तावित सत्य निरुपण तथा मेलमिलाप आयोगको व्यवस्था गर्न बनेको विधेयकको धारा २५ मा "कुनै व्यक्तिले आफ्नो कर्तव्य पालनको सिलसिलामा वा कुनै राजनैतिक उद्देश्य प्राप्तिको लागि मानव अधिकारको गम्भीर उल्लंघन तथा मानवता विरुद्धको अपराध गरेको देखिएमा आयोगले त्यस्तो व्यक्तिलाई क्षमादान गर्ने सम्बन्धमा नेपाल सरकारसमक्ष सिफारिस गर्न सक्नेछ" भन्ने प्रावधान राखिएको छ । यो प्रावधान आपत्तिजनक छ । यसले स्पष्ट रुपमा दण्डहीनतालाई निरन्तरता दिने र उत्तरदायित्व वहनलाई छेकवार गर्नेछ ।

**(घ) राजनीतिक अप्ठ्याराहरु र नयाँ सरकारको राजनीतिक इच्छाशक्ति :** विगतमा सत्तामा बसेर वा विद्रोही समूहको नेतृत्व गरेर मानव अधिकार उल्लंघनका गतिविधिमा संलग्न अधिकारी तथा राजनीतिक नेतृत्व तहका व्यक्तिहरु हाल प्रभावशाली रुपमा राजनैतिक तह र प्रशासनिक तहमा सक्रिय रहेका छन् । त्यसमा पनि हामी क्रान्तिबाट आमूल परिवर्तन नगरी सम्झौताको सम्मिश्रणबाट आएको राजनैतिक परिवर्तनको स्थितिमा छौं । अर्कोतर्फ पुरानै शासनयन्त्र, परिपाटी र अर्थव्यवस्था अन्तर्गत तिनै पुराना व्यक्तिले काम गर्नुपर्ने हुनाले तिनीहरु अझै पनि संगठित रुपमा रहेका छन् । यस्तो स्थितिमा नयाँ सरकारलाई उनीहरुको विरुद्ध वा इच्छा विपरीत कदम चाल्न पक्कै पनि असजिलो हुन्छ । कदम चालिए पनि असफल बनाउने प्रयास गरिन्छ । यी अवस्थाहरु नयाँ सरकारका लागि राजनीतिक अप्ठ्यारा हुन सक्छन् । अर्कोतर्फ नयाँ सरकारमा दृढ राजनीतिक इच्छाशक्तिको अभाव पनि रहन्छ । जसले गर्दा जनआकांक्षा अनुसारका दायित्वहरुलाई सरकारले पूरा गर्न सक्दैन ।

## ६. निष्कर्ष :

हालसालै शान्ति तथा पुनर्निर्माण मन्त्रालयले अघि सारेको सत्य निरुपण तथा मेलमिलाप आयोगको प्रक्रिया समय सापेक्ष छ । यो सशस्त्र द्वन्द्व र द्वन्द्व पश्चातको समाजको पुनर्निर्माणका लागि अति आवश्यक संयन्त्र पनि हो । वास्तवमा यो संक्रमणकालमा राज्यको प्रमुख प्राथमिकताको कार्य हो । सशस्त्र द्वन्द्व वा विगतमा राज्य पक्षबाट भएका मानव अधिकार उल्लंघनका ज्यादतीका कारण पीडित बनेका व्यक्ति तथा परिवारका हकमा न्याय दिलाउने र पीडकहरुलाई न्यायको दायराभित्र ल्याउने यो प्रभावकारी संयन्त्र हो । यद्यपि यो संयन्त्रलाई हामीले सदुपयोग गर्दा बढी होसियारी अपनाउनुपर्छ । यो प्रक्रिया महँगो, लामो र जटिल छ, तथापि असम्भव भने पक्कै होइन । दृढ राजनीतिक इच्छा शक्तिका साथ अघि बढिएमा पीडितलाई न्याय दिलाउन र पीडकलाई न्याय प्रक्रियाभित्र ल्याउन सकिनेछ । जसले जवाफदेहीताको संस्कृतिलाई मजबुत बनाउने छ । शान्ति र लोकतन्त्रको संस्थागत विकासका लागि दिगो टेवा पुऱ्याउने छ । अन्यथा पीडितका मुद्दाहरु यथावत रहनेछन् र समाजमा हामीले अर्को तनाव र जोखिमतालाई सामना गर्नुपर्नेछ ।

*(यो विषयवस्तु सहजीकरण-आधारपत्र फोरिडद्वारा सञ्चालित **"द्वन्द्व पीडितहरुको सामाजिक, आर्थिक र कानुनी न्यायको सवाल : प्रस्तावित सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन"** विषयक स्थानीय तहका छलफलका लागि अधिवक्ताद्वय वीरेन्द्रप्रसाद थपलिया र राजकुमार सिवाकोटीद्वारा तयार गरिएको हो ।)*